# जानकी गाउँपालिका

दुर्गौली, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. :- २०८३/०८४

चलानी नं. :-

## हार्दिक अपिल तथा सहयोग प्रतिवद्धता

मिति २०८३ भदौ १० गते रसुवा जिल्लामा आएको बाढीको कारण रसुवा, नुवाकोट, धादिङ्ग लगायत आसपासका क्षेत्रमा आएको अकल्पनिय विनासकारी बाढीका कारण भएको ठुलो जनधनको क्षति भइ जनजीवन अस्तव्यस्त भएको छ । यस अकल्पनीय बाढीमा ज्यान गुमाउने प्रति जानकी गाउँपालिका परिवार भावपूर्ण श्रद्धाञ्जली अर्पण सहित शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना प्रकट गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

विभिन्न रोजगार तथा कामकाजका सिलसिलामा रसुवा तथा आसपासका क्षेत्रमा रहनु भएका जानकी गाउँपालिका, कैलाली अन्तर्गतका नागरिकहरू बाढी प्रभावितका कारण सम्पर्कविहीन, उद्धार र खोजतलासको आवश्यकता रहेको अवस्थाप्रति गाउँपालिका अत्यन्त गम्भीर र संवेदनशील रहेको छ। साथै, घाइते तथा प्रभावित सम्पूर्ण नागरिकहरूको शिघ्र उद्धार, उपचार तथा सुरक्षित पुनर्स्थापनाको काम प्रभावकारी रूपमा अघि बढोस् भन्ने कामना गर्दछौं ।

जानकी गाउँपालिका अन्तर्गत पर्ने सम्पूर्ण वडाहरुका बासिन्दाहरुमा आफ्ना परिवारका सदस्य वा आफन्तजन सो प्रभावित क्षेत्रमा रहेका र हाल सम्म सम्पर्क विहिन हुनु भएका वा विपद्मा पर्नु भएका भए सम्बन्धित परिवारजन तथा आफन्तहरूले प्रभावित व्यक्तिको नाम, सम्पर्क नम्बर, कार्यस्थल तथा अन्य विवरण गाउँपालिका तथा वडा कार्यालयहरुलाई उपलब्ध गराई खोजतलास तथा उद्धार कार्यमा सहयोग पुऱ्याउनु हुन अनुरोध गर्दछौं। नागरिकहरूको खोजतलास, उद्धार तथा आवश्यक समन्वयका लागि गाउँपालिका सम्बन्धित निकायहरूसँग निरन्तर सम्पर्क र समन्वयमा रहेको जानकारी गराइन्छ । साथै, **जानकी गाउँपालिकाको प्रकोप व्यवस्थापन कोषबाट बाढी पिडितहरुको राहत तथा पुनर्स्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रु. १,००,०००।- (अक्षेरुपि एक लाख मात्र ।)** सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

यस विपद्को समयमा उद्धार, राहत तथा खोजतलास कार्यमा खटिनु भएका सम्पूर्ण सुरक्षा निकाय, जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा सहयोगी संघ संस्थाहरूप्रति गाउँपालिका हार्दिक आभार व्यक्त गर्दै जानकी गाउँपालिका साथ र सहयोगको हातेमालो गर्न सधै तत्पर रहेको छ ।

**सम्पर्क नं. विपद् व्यवस्थापन शाखा (९८५८४२६६३६, ०९१-५०००७९)**

मिति : २०८३ भदौ ११

गणेश चौधरी
अध्यक्ष


"शिक्षा, स्वास्थ्य, कृषि र वातावरणमैत्री पूर्वाधार : पहिचान सहितको जानकी गाउँपालिका विकासको मूल आधार"

फोन नं. ०९१-५०००७७, ०९१-५०००७९(LEOC) Google Plus Code :H455+W3 Durgauli

E-mail: janakiruralmun@gmail.com Website: janakimunkailali.gov.np

https://www.facebook.com/janakimunkailali https://www.youtube.com/@janakimunkailali